नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १३३ २०८२ साल पुस ९ गते बुधबार (24 Dec 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजी आन्दोलनमा ८४ अर्ब... ३ पृष्ठमा : सोलुमा हिउँले ढाकेका ... ३ पृष्ठमाः भारतमा महिलाहरूको आर्थिक...

# यौन अपराधका तीन फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

बालयौन दुरुपयोग र जबरजस्तीकरणी सम्बन्धी मुद्दाका फरार तीन प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बालयौन दरुपयोग मुद्दाका फरार आरोपी खडक नगरपालिका वडा नं. ८ भदिया घर भएका २८ वर्षीय राकेश चौधरी र सोही ठाउँका ३३ वर्षीय सूर्या चौधरी छन् ।

प्रहरीका अनुसार आर्थिक वर्ष २०८१/०८२ सालको मुद्दा नं. ६१ मा दर्ता भएको बालयौन दुरुपयोग मुद्दामा वारदात पश्चात् उनीहरु फरार थिए ।

इलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई गाउँबाटै




दुवै जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

यसैगरी प्रहरीले जबरजस्ती करणी मुद्दामा फरार रहेका सोही नगरपालिका वडा नं. ४ का मो. जमिललाई पनि पक्राउ गरेको उनले बताए ।

पक्राउ परेका तीनै जनालाई इलाका प्रहरी कार्यालय कल्याणपुरमा ल्याई थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अत्यधिक चिसो बढेपछि गौरका विद्यालयमा बिदा

**दैनिक समाचारदाता**
**रौतहट, ८ पुस ।**

विगत चार दिनदेखि बढेको चिसोका कारण गौरहटको गौर नगरपालिकाले गौर नगर क्षेत्रभरिका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा आउँदो शुक्रबारसम्मका लागि बिदा दिएको छ ।

सोमबार गौर नगरपालिकाले सूचना जारी गर्दै मंगलबारदेखि आउँदो पुस ११ गतेसम्मका लागि विद्यालयमा बिदा दिएको हो ।

केही दिनदेखि अत्यधिक चिसो बढेका कारण विद्यालयमा पठनपाठनमा असहजता भई बालबालिकाको स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै गौर नगर क्षेत्रभरिका सम्पूर्ण विद्यालयमा बिदा दिइएको गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवासकुमार ठाकुरले जानकारी दिए ।

बर्खे बिदाबाट कट्टा हुनेगरी विद्यालयमा बिदा दिइएको उनले जानकारी दिए । केही दिनदेखि बढेको शीतलहर र चिसोका कारण रौतहटको जनजीवन प्रभावित बनेको छ ।

# दुई नाबालकसहित ११ कैदीबन्दी पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ८ पुस ।**

जेनजी आन्दोलनका क्रममा गत २४ भदौमा देशका विभिन्न बाल सुधार गृह तथा कारागारबाट फरार भएका कैदीबन्दीमध्ये सिरहा प्रहरीले हालसम्म दुई नाबालकसहित ११ जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालयकाअनुसार जलेश्वर, नख्खु, जगन्नाथ देवल, सप्तरी, सिन्धुली, केन्द्रीय कारागार तथा बाल सुधार गृह वीरगञ्जबाट फरार भएका कैदीबन्दी पक्राउ परेका हुन् ।

पक्राउ परेकामध्ये नौ जनालाई सम्बन्धित कारागार तथा सुधार गृहमा बुझाइसकिएको छभने बाँकी दुई जनालाई बुझाउने प्रक्रिया चलिरहेको जिल्ला प्रहरीका प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए ।

यसैबीच, प्रहरीले धनगढीमाई नगरपालिका-११ डाबरटोलस्थित चितवा खोला नजिकबाट सोमबार दिउँसो बेवारिसे अवस्थामा एक नाल भरुवा बन्दुक फेला पारेको छ । सो बन्दुकका सम्बन्धमा इलाका प्रहरी कार्यालय लहानले अनुसन्धान गरिरहेको जनाएको छ ।

# संविधान संशोधन नगरी मुलुकले निकास पाउँदैन : उपेन्द्र यादव

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान संशोधन नगरी चुनावमा गए पनि मुलुकले निकास नपाउने बताएका छन् ।

दलित, पिछडावर्ग, थारु, आदिवासी र अल्पसङ्ख्यक समुदायहरूको (डोटिम) परिसङ्घले आयोजना गरेको कार्यक्रममा उनले विगतमा सबै जनताको भावनालाई उचित सम्बोधन नगर्दा मुलुक अस्थिर भइरहेको बताए ।

अध्यक्ष यादवले भने, “संविधान संशोधन र परिमार्जन मात्र नभई आवश्यकताका आधारमा पुनर्लेखन गर्नुपर्ने छ । संविधानको उपचार नगरी अहिलेकै अवस्थामा चुनावमा गए मुलुकका समस्या ज्यूँकात्यूँ रहन्छन् । त्यसैले हाम्रो आग्रह छ, फेरि समस्या नआउने गरी संविधानमा सुधारका काम गरौँ ।”

डोटिम परिसङ्घका अध्यक्ष चन्देश्वर पासावानको अध्यक्षतामा भएको कार्यक्रममा अन्य वक्ताहरूले पनि परिवर्तनलाई थप संस्थागत गर्न मुलभूत समस्याको पहिचान गरेर समाधान गर्न लाग्नुपर्नेमा जोड दिएका थिए ।

# पाँच महिनामा वीरगञ्ज नाका हुँदै तीन खर्ब ५९ अर्बका सामान भित्रियो

**दैनिक समाचारदाता**
**पर्सा, ८ पुस ।**

वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु तीन खर्ब ५९ अर्ब २३ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएका छन् ।

गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा १७ प्रतिशत अर्थात् रु ५३ अर्ब ३२ करोड बढी मूल्यका सामान आयात भएको हो । जबकि गत आवको पाँच महिनामा भने रु तीन खर्ब छ अर्ब एक करोड मूल्यबराबरका सामान भित्रिएको थियो ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा आयात वृद्धि भएसँगै राजस्व सङ्कलन पनि उल्लेखनीय वृद्धि भएको बताए । चालु आवको पाँच महिनामा रु ७२ अर्ब २८ करोडको पेट्रोलियम पदार्थ भित्रिएको छ । त्यसैगरी, रु ३१ अर्ब ६५ करोडको फलाम तथा फलामबाट बनेका सामान भित्रिएका छन् ।

रु २४ अर्ब ६० करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रु २२ अर्ब ८५ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ ।

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था इम्प्याक्ट नेपालका लागि करार सेवामा तपसिल बमोजिमका पदहरु पूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति **२०८२ पौष १४ गते सम्ममा** आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सहायक लेखापाल | राजविराज, सप्तरी | १ | एकाउण्ट विषय लिइ + २ उत्तीर्ण |
| कान उपचार कार्यकर्ता | क्लैया, बारा | १ | CMA/HA उत्तीर्ण गरि कान उपचार सम्बन्धी न्यूनतम १ महिना तालिम लिएको |
| रजिष्ट्रेशन सहायक | गौर, रौतहट | १ | SEE उत्तीर्ण गरि कम्प्युटरको ज्ञान भएको |

**द्रष्टव्यः**

१. दरखास्त बुझाउनु पर्ने स्थानः इम्प्याक्ट नेपाल रुँगटा वेलफेयर कान उपचार केन्द्र गण्डक बहुअरी वीरगंज (०५१-४११०५४) वाइम्प्याक्ट नेपाल डा. लक्ष्मीनारायण कान उपचार केन्द्र, गौर (०५५-५२०७७३) वाइम्प्याक्ट नेपाल कान उपचार केन्द्र, मलेठ, राजविराज (०३१-५९०००५) वा ईमेलः vacancy.impactnepal@gmail.com मार्फत् पनि पठाउन सकिनेछ ।
२. दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु पेश गर्नु पर्नेछ ।
३. अनुभवी र स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।
४. तलव भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## विज्ञापन व्यवसाय सञ्चालन गर्दा ध्यान दिऔं ।

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन वोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन वोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोवार गरौं ।
- विज्ञापन सम्वन्धी कुनै गुनासो भए विज्ञापन वोर्डमा उजुरी गरौं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच द्विपक्षीय तथा त्रिपक्षीय सम्झौताको आधारमा कारोवार गरौं ।
- सञ्चारमाध्यमबाट जारी वीजकको आधारमा एजेन्सीको शुल्क खुलेको विलबाट मात्र विज्ञापनको रकम भुक्तानी गरौं ।
- सरकारी निकाय तथा कार्यालयले विज्ञापनको रकम भुक्तानी गर्दा तिन प्रतिशत रकम विज्ञापन कोषमा जम्मा गरौं ।

विज्ञापन व्यवसायलाई मर्यादीत तथा पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय

### स्थानीय सरकार गम्भिर हुनु आवश्यक

चिसो बढ्दै जाँदा बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति तथा विपन्न समुदाय सबैभन्दा बढी जोखिममा पर्नेगर्छन् । हरेक वर्ष चिसोकै कारण निमोनिया, दम, ज्वरो, श्वासप्रश्वास सम्बन्धी रोग र अकाल मृत्युका घटना दोहोरिनु चिन्ताजनक विषय हो । यस्तो अवस्थामा नागरिकको जीवन रक्षा गर्न स्थानीय तहको भूमिका निर्णायक हुन्छ । स्थानीय तहले चिसो सुरु हुनु अघि नै जोखिम न्यूनीकरणका योजना बनाउनुपर्ने हो । तर प्रायः तयारी ढिलो हुने, बजेट अपूरो रहने र कार्यक्रम कागजमै सीमित हुने गरेको देखिन्छ । चिसो बढिसकेपछि मात्र कम्बल वितरण गर्ने वा अस्थायी राहत घोषणा गर्नु दीर्घकालीन समाधान होइन ।

सबैभन्दा पहिले स्थानीय तहले जोखिममा रहेका बस्ती र समूहको पहिचान गर्नुपर्छ । खुला आकाशमुनि बस्न बाध्य, जस्तापाताको घरमा बसोबास गर्ने तथा गरिब समुदायका लागि न्यानो लुगा, कम्बल, दाउरा वा वैकल्पिक ताप व्यवस्थाको सुनिश्चितता आवश्यक छ । स्वास्थ्य चौकी र अस्पतालमा जाडोसँग सम्बन्धित रोगको उपचारका लागि औषधि, अक्सिजन र दक्ष जनशक्तिको तयारी अनिवार्य छ । सचेतनामूलक कार्यक्रममार्फत न्यानो कपडा प्रयोग, बालबालिकाको विशेष हेरचाह, धुवाँरहित ताप साधन प्रयोगजस्ता विषयमा जानकारी दिनुपर्छ । विद्यालय, सामुदायिक संस्था र स्वयंसेवक परिचालन गरेर चिसोबाट हुने जोखिम कम गर्न सकिन्छ ।

तसर्थ स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । त्यसैले चिसो बढेपछि मात्र होइन, चिसो आउनुअघि नै योजनाबद्ध तयारी, प्रभावकारी कार्यान्वयन र पारदर्शिता देखाउनु स्थानीय सरकार गम्भिर हुनु आवश्यक छ ।

# जेनजी आन्दोलनका सहिद : भ्रष्टाचार अन्त्यको भएको देख्ने छत्रमानको सपना

**नारायण कुमार राई**

धनकुटा, ८ पुस (रासस) ।

धनकुटाको पाखिबास नगरपालिका–१० चुनवाङ फलामेटोलका ६४ वर्षीया छत्रमान कुथुमी (पारुहाङ) राईका लागि देशमा मौलाइरहेको भ्रष्टाचारको अन्त्य भई सुशासनयुक्त राज्य प्रणाली भएको देख्ने ठूलो सपना थियो । त्यसैका लागि भएको आन्दोलनमा उहाँले शहादत मात्र प्राप्त गर्नुभएन, नयाँ पुस्तालाई भ्रष्टाचारमुक्त समाज निर्माणमा लाग्न प्रेरित गर्नुभयो ।

विसं २०१८ मा जन्मिएर स्थानीय भारती माविमा कक्षा ८ सम्म अध्ययन गरी धरान पब्लिक स्कुलबाट एसएलसी दिनुभएका कुथुमी जीवनपर्यन्त कुशासनको अन्तय गर्ने अठोटका साथ निरन्तर डटिरहनुभएको थियो । तीस वर्षअघि गाउँ छोड्नुभएका उहाँ पछिल्लो समय काठमाडौँमा बसेर भ्रटाचार विरुद्धका विभिन्न आन्दोलनमा सहभागी हुँदै आउनुभएको थियो । "समाजमा व्याप्त बेथिती र भ्रष्टाचार विरुद्ध लड्नुमा उहाँको आक्रोश मात्र नभई एक प्रकारको सङ्घर्ष नै थियो" उहाँका कान्छा भाइ डिम्पल कुथुमी राईले भन्नुभयो ।

भ्रटाचार विरुद्धको अभियान भन्ने बित्तिकै आफ्ना सबैकुरा भुलेर हरेक आन्दोलनमा उहाँ अग्रमोर्चामा उभिनुहुन्थ्यो । ६४ वर्षको उमेरमा पनि उहाँ अन्य युवाभन्दा कम जोसिलो हुनु हुन्थेन । उहाँ भन्नुहुन्छ, "आफ्नो सबै चिज खर्चेर भ्रष्टाचारविरुद्धको आन्दोलनमा लागेर आफू र परिवारका लागि दाइले केही गर्नुभएन ।" आन्दोलनको घोषणासँगै उहाँ पटक–पटक भ्रष्टाचारको विरुद्ध आन्दोलनमा होमिंदा छातीमा गोली खान पनि आफू तयार रहेको बताउनुभएको भाइ डिम्पल सम्झनुहुन्छ ।

गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनले उहाँभित्र रहेको विद्रोहको आगोलाई झन सल्किने अवसर मिल्यो । नभन्दै भदौ २३ गते भएको १८ जनाको गोली लागेर मृत्यु हुनेमा उहाँ पनि पर्नुभयो । दाजुलगायत जेन्जी आन्दोलनमा शहिद भएकाले देखेको सपना र बलिदान त्यसै खेर जान नदिन सरकारले उनीहरुको माग पूरा गर्नुपर्ने डिम्पलको माग छ ।

पारिवारिक रूपमा उहाँको जीवन त्यति सहज नभएको भाइ डिम्पल बताउनुहुन्छ । पटकपटक वैवाहिक जीवन असफल भएका कारण उहाँले चार वटी श्रीमती बिहे गर्नुभएको थियो । बिहे गरेपछि परिवारमा अपेक्षा हुने र त्यो अपेक्षा पूरा नभएपछि परिवारमा फुट भएकै कारण दाइले धेरै जनासँग बिहे गरेको उहाँको भनाइ छ । चार श्रीमतीबाट तीन छोरा र तीन छोरी छन् । उहाँ कान्छी श्रीमती दीपा श्रेष्ठसँग २५ वर्षदेखि काठमाडौँको चन्द्रागिरि नगरपालिका–१२, बलम्बुमा मजदूरी गरेर जीविकोपार्जन गर्दै आउनुभएको थियो ।

बुबा स्व बेलबहादुर कुथुमी तथा जेठी आमा कृष्णकुमारी राई र कान्छी आमा रामकुमारी राईका पाँच छोरामध्ये जेठो छोराको रूपमा जन्मनुभएका कुथुमीले २०५२ सालबाट घर छाडेर बेलाबखत मात्र गाउँ आउने गरेका थिए । छत्रमानको निधनको खबरले ८७ वर्षीया आमा रामकुमारीलाई गहिरो शोक परेको छ । बेलाबखत घरमा आएर आफूसँग ठट्यौली र रमाइलो गरिरहने छोराले 'आमा म प्रधानमन्त्री नभई तिम्रो प्राण जाँदैन' भन्ने गरेको र 'आँ त हुन्छस्' भनेको याद आमालाई आज पनि ताजै छ । "यसपालि पनि आउँछ होला जस्तो लागिराथ्यो तर एकैचोटी लास पो आयो"आमाले भावुक हुँदै भन्नुभयो ।

हाल साइँला छोरा किशोर कुथुमी राईसँग गाउँमै बस्दै आउनुभएका आमा कृष्णकुमारीले छोरा मरेर फिर्ता नआए पनि छोराले देखेको सपना पूरा होस् र अरुले यस्तो पीडा भोग्न नपरोस् भन्ने चाहना राख्नुभएको छ । जेन्जी आन्दोलनमा शहिद भएका कुथुमीको शव नेपाली सेनाको हेलिकप्टरमार्फत् भदौ ३१ गते जन्मथलो पाखिवास नगरपालिका–१० चुङमाङ ल्याएर अन्त्यष्ठी गरिएको थियो । छत्रमानलाई सरकारले कात्तिक १८ गते शहिद घोषणा गरेर राहतस्वरुप नगद १५ लाख रकम सहयोग गरेको परिवार स्रोतले जानकारी दिएको छ ।

नियमित घर नआउने श्रीमान् कहाँ गएका भन्ने थाहा नहुने भएकाले अचानक उहाँको मृत्युको खबरले आफू मर्माहत र छाँगाबाट खसेजस्तो भएको माइली श्रीमती रामकुमारी राईले सुनाउनुभयो । देशमा आमुल परिवर्तन भए पनि गाउँ फर्कन्छु भन्ने दाइ कहिल्यै नफर्कने गरी काठको बाकसमा फर्कनु हुँदा परिवार मर्माहत भएको माइला भाइ खण्डमान बताउनुहुन्छ । परिवर्तनका लागि लागिरहने दाइको परिवारको हाल कुनै दिगो आर्थिक स्रोत नभएकाले राज्यले अभिभावकत्व लिनुपर्ने उहाँको भनाइ छ । घटनापछि भाउजु र नानीहरु गाउँमै फर्किनुभएकाले दाइको परिवार तथा बच्चाको अध्यापनका लागिसरकारसँग उहाँको आग्रह छ ।

# 'केन्द्रिकृत मानसिकताले परिणाम दिन सकिएन'

काठमाडौँ, ८ पुस (रासस) ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले राजनीतिक र प्रशासनिक नेतृत्वको केन्द्रिकृत मानसिकताले जनचाहनाअनुरुप परिणाम दिन नसकेको दुखेसो गर्नुभएको छ ।

फेडरालिजम् एण्ड लोकलाइजेन सेन्टरले 'सङ्घीयता सुदृढीकरणमा राष्ट्रियसभा' शीर्षकमा मंगलबार यहाँ आयोजना गरेका कार्यक्रममा उहाँले सीमित साधनस्रोत तथा कानुनी व्यवधानले प्रदेश सरकारबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कठिन भएको बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रदेश र स्थानीय तहको अभिभावक राष्ट्रियसभाले सत्ता र प्रतिपक्षीय सोचबाट माथि उठेर समन्वयका साथ कानुन निर्माणलाई तीव्रता दिनुपर्छ ।" प्रदेश र स्थानीय तहको जनप्रतिनिधिसभाका हैसियतले एकल र साझा अधिकारको सूचीसम्बन्धी कानुन निर्माणमा राष्ट्रियसभाको अगुवाइ आवश्यक रहेको बताउँदै उहाँले प्रदेशका समस्या समाधानका लागि अग्रसर हुन अनुरोध गर्नुभयो ।

राष्ट्रियसभाका उपाध्यक्ष विमला सुवेदीले राष्ट्रियसभाको आगामी माघ ११ गते हुने निर्वाचनमा विषयविज्ञ र अनुभवीलाई उम्मेदवार बनाउन राजनीतिक दललाई बनाउन सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "सङ्घीयता बुझेकालाई चयन गर्नुपर्छ जो समावेशी, क्षेत्रगत प्रतिनिधित्व र विषय विज्ञ पनि होस । संविधानको मर्म र भावना पनि यही हो ।"

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिका सभापति मायाप्रसाद शर्माले सामाजका सबै क्षेत्रका नागरिकको प्रतिनिधित्व रहेको राष्ट्रियसभाले मुलुकलाई सङ्कट परेका बेला विभाजित नभइ निकास दिनु आजको आवश्यकता हो भन्नुभयो ।

सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सभापति सोनाम गेल्जेन शेर्पाले मुलुकले सङ्घीयताको अभ्यास गरिरहँदा माथिदेखि तलसम्म अधिकार प्रत्यायोजनमा समस्या भएको बताउनुभयो । विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले सङ्घीयताको प्रतीकका रुपमा रहेका प्रदेश संरचना राष्ट्रिय राजनीतिको असरबाट प्रभावित भएका बताउनुभयो ।

संविधानसभा सदस्य राधेश्याम अधिकारी, रामनारायण विडारी, राष्ट्रियसभाका पूर्वउपाध्यक्ष उर्मिला अर्याल, राष्ट्रियसभाका पूर्वसदस्य खिमलाल भट्टराई, पूर्वसांसद दिलकुमारी रावल, जेनजी आन्दोलनकी नेत्री जस्मिन ओझा कार्यक्रम आयोजक संस्थाका अध्यक्ष खिमलाल देवकोटा कार्यकारी निर्देशक प्रकाश पन्थ, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका सचिव सीता काफ्ले, प्रदेश सुशासन केन्द्रका कार्यकारी निर्देशक गोपाल न्यौपानेले राजनीतिक नेतृत्वमा इच्छाशक्ति र कर्मचारीतन्त्रको सहयोग, सङ्घीयताको मर्म र भावना अनुरुप सङ्घको तुलनामा प्रदेश र स्थानीय तहमा महिलाको प्रतिनिधित्व कमजोर रहेको,विनियोजन बजेटअनुसार विकास खर्च हुने सुनिश्चिता नभएसम्म सङ्घीयताको सुदृढीकरण भएको जनप्रतिनिधिमूलक संस्था राष्ट्रियसभाले केन्द्र, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउन क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

उनान्साठी सदस्यीय राष्ट्रियसभाका एक तिहाई सदस्यका लागि आगामी माघ ११ गते निर्वाचन हुँदैछ । उक्त निर्वाचनबाट सात महिला, दुई दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक दुई र अन्य समुदायबाट सात जना चयन हुनेछन् ।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# पाँच वर्षपछि म्यान्मामा निर्वाचन



याङ्गुन, ८ पुस (रासस/एएफपी)।

म्यान्मामा सैनिक जुन्ताले पाँच वर्षअघि निर्वाचित सरकारलाई अपदस्थ गरेपछि सुरु भएको गृहयुद्धको बीचमा आइतबारदेखि निर्वाचन सुरु गराउने तयारी गरेको छ। जुन्ताले यस चुनावलाई प्रजातन्त्रतर्फ फर्किने कदमका रूपमा प्रस्तुत गरिरहेको भए पनि अन्तर्राष्ट्रिय समुदाय र प्रजातन्त्र समर्थकहरूले यसलाई कडा प्रतिबन्ध र दमनबीच गरिएको वैधानिकता खोज्ने प्रयासका रूपमा लिएका छन्।

सन् २०२१ फेब्रुअरीमा सैनिक कू भएपछि दशकौँ लामो लोकतान्त्रिक अभ्यास समाप्त भएको थियो। त्यसबेला निर्वाचित नागरिक नेत्री आङ सान सुकी पदबाट हटाइनुभएको थियो र हाल उहाँ जेलमा हुनुहुन्छ। उहाँको अत्यन्त लोकप्रिय नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) पार्टी विघटन गरिएको छ। सुकीले भ्रष्टाचारदेखि कोभिड-१९ प्रतिबन्ध उल्लङ्घनसम्मका अभियोगमा २७ वर्षको सजाय भोगिरहनुभएको छ, जसलाई अधिकारकर्मीहरूले राजनीतिक रूपमा प्रेरित भनेका छन्।

एक महिनासम्म चरणबद्ध रूपमा हुने मतदानलाई अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूले अस्वीकार गरेका छन्। उनीहरूका अनुसार सैन्य समर्थक दलहरूले भरिएको मतपत्र, असहमतिमाथि कडा दमन र मार्सल ल को अवस्थालाई 'नयाँ नाम' दिएर प्रस्तुत गरिएको छ। करिब पाँच करोड जनसङ्ख्या भएको म्यान्मा गृहयुद्धले थिलथिलो बनेको छ र विद्रोही नियन्त्रणमा रहेका धेरै क्षेत्रमा मतदान नै नहुने जनाइएको छ।

जुन्ता नियन्त्रणमा रहेका याङ्गुन, माण्डले र राजधानी नेपिडोका निर्वाचन क्षेत्रहरूमा आइतबार बिहानदेखि पहिलो चरणको मतदान सुरु हुने बताइएको छ। तर सर्वसाधारणमा उत्साह देखिएको छैन। उत्तरी सहर माइटकिनाका एक बासिन्दाले मतदान बहिष्कार गर्ने बताउँदै सेनाले बल प्रयोग गरेर लिएको सत्ता वैधानिक बनाउन खोजिरहेको आरोप लगाए। अर्का एक बासिन्दाले चुनावमा चासो कम भए पनि बेवास्ता गरेमा समस्यामा पर्न सकिने डर रहेको बताए।

जुन्ता प्रमुख मिन आङ ह्लाइडले एएफपीको अन्तर्वार्ता अनुरोधमा प्रतिक्रिया दिनुभएको छैन। तर सरकारी सञ्चारमाध्यममार्फत उहाँले चुनावलाई मेलमिलापको अवसरका रूपमा चित्रण गर्नुभएको छ, यद्यपि नतिजापछि पनि सेनाले राजनीतिक नेतृत्वमा भूमिका खेलिरहने स्वीकार गर्नुभएको छ। वर्तमान संविधानअनुसार संसद्को २५ प्रतिशत सिट सेनाका लागि आरक्षित छन्।

सन् २०२० को चुनावमा एनएलडीले ठूलो विजय हासिल गरेपछि व्यापक धाँधलीको आरोप लगाउँदै सेनाले सत्ता कब्जा गरेको थियो। एसियन नेटवर्क फर फ्रि इलेक्सन्सका अनुसार सन् २०२० को चुनावमा सहभागी अधिकांश दलहरू अहिले विघटन भइसकेका छन् र करिब ९० प्रतिशत सिटहरू यसपटकको मतपत्रमा देखिँदैनन्। सैन्य समर्थक युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टी सबैभन्दा ठूलो सहभागी बनेको छ।

यस निर्वाचनमा नयाँ इलेक्ट्रोनिक मतदान मेसिन प्रयोग गरिँदैछ, जसले उम्मेदवार लेख्न वा मतपत्र बिगार्न अनुमति दिँदैन। साथै, मतदान अवरोध गरेको आरोपमा २०० भन्दा बढी व्यक्तिविरुद्ध मुद्दा चलाइएको छ। असिस्टेन्स एसोसिएसन फर पोलिटिकल प्रिजनर्सका अनुसार करिब २२ हजार राजनीतिक बन्दी जुन्ताको जेलमा छन्।

दर्स केही राजनीतिक समूहले भने द्वन्द्वमा फसेको देशका लागि मतदान नै एक मात्र बाटो भएको तर्क गरेका छन्। पिपुल्स पार्टीका नेता को को गीले चुनावपछि केही परिवर्तन आउने आशा व्यक्त गर्नुभएको छ।

सत्ता कब्जापछि सेनाले प्रजातन्त्र समर्थक आन्दोलनमाथि कडा दमन गरेपछि धेरै कार्यकर्ता जातीय अल्पसङ्ख्यक सशस्त्र समूहहरूसँग मिलेर छापामार लडाइँमा लागेका छन्। जुन्ताले केही क्षेत्रमा मतदान हुन नसक्ने स्वीकार गरेको छ भने हवाई आक्रमणजस्ता कारबाही जारी राखेको छ। यस महिनाको पश्चिमी राखाइन राज्यको एक अस्पतालमा भएको हवाई आक्रमणमा ३० जनाभन्दा बढीको मृत्यु भएको स्थानीय स्रोतहरूले बताएका छन्।

गृहयुद्धका कारण हालसम्मको आधिकारिक मृतक सङ्ख्या सार्वजनिक गरिएको छैन। तर सशस्त्र द्वन्द्वसम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने संस्थाका अनुसार सबै पक्षबाट करिब ९० हजार मानिस मारिएका छन्। संयुक्त राष्ट्रसङ्घले करिब ३६ लाख मानिस विस्थापित भएको र देशको आधा जनसङ्ख्या गरिबीमा बाँचिरहेको जनाएको छ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले यसअघि यी चुनावले म्यान्माको समस्या समाधानमा योगदान नपुर्‍याउने धारणा व्यक्त गर्नुभएको थियो। दोस्रो चरणको मतदान जनवरी ११ मा हुने जनाइएको छ भने तेस्रो तथा अन्तिम चरणको मिति अझै तय भएको छैन।

# ‘राष्ट्रिय सुरक्षाका लागि’ ग्रिनल्यान्ड चाहिन्छ : ट्रम्प

कोपनहेगन, ८ पुस (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राज्य अमेरिकालाई 'राष्ट्रिय सुरक्षाका लागि' ग्रिनल्यान्ड आवश्यक रहेको कुरा पुनः दोहोर्‍याउनुभएको छ। डेनमार्कको आर्कटिक स्वायत्त टापु ग्रिनल्यान्डका लागि विशेष दूत नियुक्त गरेपछि कोपनहेगन र वासिङ्टनबीच नयाँ कूटनीतिक विवाद चर्किएको हो।

ह्वाइट हाउसमा पुनः फर्किएपछि राष्ट्रपति ट्रम्पले बारम्बार ग्रिनल्यान्ड रणनीतिक र सुरक्षा कारणले अमेरिकाका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै आउनुभएको छ। उहाँले बल प्रयोग गरेर ग्रिनल्यान्ड नियन्त्रणमा लिने कुरालाई अस्वीकार गर्नुभएको भए पनि अमेरिकालाई उक्त क्षेत्र 'आवश्यक' रहेको दाबी गर्दै आउनुभएको छ।

आइतबार राष्ट्रपति ट्रम्पले लुइसियानाका गभर्नर जेफ ल्यान्ड्रीलाई ग्रिनल्यान्डका लागि विशेष दूत नियुक्त गर्नुभएको थियो। यस कदमले डेनमार्कमा तीव्र प्रतिक्रिया निम्त्यायो र डेनिस सरकारले अमेरिकी राजदूतलाई स्पष्टीकरणका लागि बोलाएको थियो।

सोमबार फ्लोरिडाको पाम बिचमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले स्पष्ट शब्दमा भन्नुभयो, "हामीलाई ग्रिनल्यान्ड राष्ट्रिय सुरक्षाका लागि चाहिन्छ, खनिजका लागि होइन।" उहाँले ग्रिनल्यान्ड वरपर रूसी र चिनियाँ जहाजहरूको उपस्थिति बढेको उल्लेख गर्दै यसले अमेरिकाको सुरक्षामा गम्भीर चुनौती सिर्जना गरेको धारणा व्यक्त गर्नुभयो। "हामीलाई राष्ट्रिय सुरक्षाका लागि यसको आवश्यकता छ, यो हाम्रो नियन्त्रणमा हुनुपर्छ", उहाँले भन्नुभयो।

विशेष दूत नियुक्त भएसँगै जेफ ल्यान्ड्रीले ग्रिनल्यान्डलाई 'अमेरिकाको एक भाग' बनाउने अभिव्यक्ति दिएपछि विवाद अझ चर्किएको हो। यसको कडा प्रतिक्रिया स्वरूप डेनमार्ककी प्रधानमन्त्री मेट्टे फ्रेडरिक्सन र ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले संयुक्त विज्ञप्ति जारी गर्दै ग्रिनल्यान्ड ग्रिनल्यान्डकै भएको स्पष्ट गर्नुभयो। "कुनै पनि देशले अर्को देशलाई विलय गर्न सक्दैन", भन्दै उहाँहरूले संयुक्त क्षेत्रीय अखण्डताको सम्मान गर्न आग्रह गर्नुभयो।

डेनमार्कका विदेशमन्त्री लार्स लोक्के रासमुसेनले यो कदमबाट आफू 'गहिरो रूपमा आक्रोशित' भएको बताउँदै वासिङ्टनलाई डेनमार्कको सार्वभौमसत्ताको सम्मान गर्न कडा चेतावनी दिनुभयो। उहाँले नियुक्ति र त्यससँग सम्बन्धित अभिव्यक्तिहरू 'पूर्ण रूपमा अस्वीकार्य' भएको जनाउँदै अमेरिकी राजदूतलाई विदेश मन्त्रालयमा बोलाएर स्पष्ट 'रेड लाइन' को जानकारी गराइएको बताउनुभयो।

यस विषयमा युरोपेली सङ्घ (इयु) ले पनि डेनमार्कप्रति 'पूर्ण ऐक्यबद्धता' व्यक्त गरेको छ। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टाले क्षेत्रीय अखण्डता र सार्वभौमिकता अन्तर्राष्ट्रिय कानूनका आधारभूत सिद्धान्त भएकोमा जोड दिनुभएको छ।

डेनमार्क र ग्रिनल्यान्ड दुवैका नेताहरूले यसअघि नै ग्रिनल्यान्ड बिक्रीका लागि नभएको र आफ्नै भविष्य निर्णय गर्ने अधिकार त्यहाँका जनताकै भएको स्पष्ट गर्दै आएका छन्। जनवरीमा गरिएको एक सर्वेक्षणअनुसार ग्रिनल्यान्डका करिब ५७ हजार बासिन्दा डेनमार्कबाट स्वतन्त्र हुन चाहन्छन्, तर संयुक्त राज्य अमेरिकाको हिस्सा बन्न चाहँदैनन्।

वासिङ्टनको तर्क अनुसार उत्तर अमेरिका र युरोपको बीचमा अवस्थित ग्रिनल्यान्ड रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण छ। यहाँ दुर्लभ पृथ्वी खनिजको ठूलो भण्डार रहेको छ र ध्रुवीय बरफ पग्लँदै जाँदा नयाँ अन्तर्राष्ट्रिय ढुवानी मार्ग खुल्ने सम्भावनाले यसको महत्त्व अझ बढाएको छ। साथै, ग्रिनल्यान्ड रुस र अमेरिकाबीच मिसाइलको सबैभन्दा छोटो मार्गमा पर्ने भएकाले सैन्य दृष्टिले पनि संवेदनशील मानिन्छ।

हाल अमेरिकाको ग्रिनल्यान्डमा सैन्य आधार रहेको छ र सन् २०२० मा त्यहाँ वाणिज्य दूतावाससमेत खोलिएको थियो। ट्रम्प प्रशासनअन्तर्गत ग्रिनल्यान्डप्रतिको अमेरिकी चासो बढ्दै जाँदा, अफगानिस्तान र इराक युद्धमा अमेरिकासँगै लडेको नाटो सहयोगी डेनमार्क यस घटनाक्रमबाट स्तब्ध बनेको देखिन्छ। यही सन्दर्भमा कोपनहेगनले जनवरीमा आर्कटिक क्षेत्रमा आफ्नो सैन्य उपस्थिति सुदृढ गर्न दुई अर्ब डलर बराबरको योजना सार्वजनिक गरेको छ।

## विश्व समाचार

### श्रीलङ्कालाई भारतको ४५ करोड डलर सहयोग

कोलम्बो, ८ पुस (रासस/एएफपी)।

भारत सरकारले श्रीलङ्कालाई हालै आएको चक्रवात दितवाहबाट भएको व्यापक क्षतिबाट पुनःउत्थान गर्न ४५ करोड अमेरिकी डलर बराबरको मानवीय तथा पुनर्निर्माण सहयोग प्रदान गर्ने घोषणा गरेको छ। भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशङ्करले मङ्गलबार श्रीलङ्काको भ्रमणका क्रममा उक्त सहयोगको जानकारी दिनुभएको हो। गत महिना दक्षिण एसियाली टापु राष्ट्र श्रीलङ्कामा आएको चक्रवात दितवाहका कारण ६४० भन्दा बढी मानिसको ज्यान गएको थियो। आँधीसँगै आएको भीषण वर्षाले बाढी र भूस्खलन निम्त्याउँदा ठूलो जनधनको क्षति भएको थियो। विश्व बैंकका अनुसार यस प्रकोपले करिब चार अर्ब डलर बराबरको आर्थिक क्षति पुर्‍याएको छ, जुन देशको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब चार प्रतिशत बराबर हो।

श्रीलङ्काका राष्ट्रपति अनुरा कुमार दिसानायकले उक्त चक्रवातबाट २० लाखभन्दा बढी मानिस प्रभावित भएको बताउँदै यसलाई टापुको इतिहासमै सबैभन्दा चुनौतीपूर्ण प्राकृतिक विपद् भएको रूपमा वर्णन गर्नुभएको छ। दुई दिने आधिकारिक भ्रमणमा रहनुभएका विदेशमन्त्री जयशङ्करले कोलम्बोमा आयोजित पत्रकार सम्मेलनमा उहाँले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पत्र राष्ट्रपति दिसानायकलाई हस्तान्तरण गर्नुभएको, जसमा ४५ करोड मिलियन डलरको पुनर्निर्माण प्याकेज उपलब्ध गराउने प्रतिबद्धता उल्लेख रहेको जानकारी दिनुभयो। उहाँका अनुसार उक्त सहयोगमध्ये ३५ करोड डलर सहुलियतपूर्ण 'लाइन अफ क्रेडिट' का रूपमा उपलब्ध गराइने छ भने बाँकी १० करोड डलर अनुदानका रूपमा प्रदान गरिनेछ।

जयशङ्करले चक्रवातपछि भारतले तत्काल रूपमा श्रीलङ्कालाई औषधि, अत्यावश्यक उपकरणसहित एक हजार १०० टन राहत सामग्री पठाएको कुरा पनि स्मरण गराउनुभयो। "क्षतिको परिमाण अत्यन्त ठूलो भएकाले यातायात तथा सम्पर्क पुनःस्थापना तत्काल प्राथमिकता थियो", उहाँले भन्नुभयो। यसका लागि भारतीय सेनाले पोर्टेबल पुल उपलब्ध गराएर सहयोग गरेको विवरण पनि उहाँले प्रस्तुत गर्नुभयो। उहाँले भारतले श्रीलङ्कामा भारतीय पर्यटन प्रवर्द्धन गर्ने, लगानी विस्तार गर्ने र अन्य माध्यमबाट आर्थिक क्षति न्यूनीकरणमा सहयोग गर्ने उपायहरू पनि अघि बढाइरहेको जानकारी दिनुभयो। "भारतबाट प्रत्यक्ष विदेशी लगानीमा भएको वृद्धिले यो कठिन समयमा श्रीलङ्काको अर्थतन्त्रलाई थप ऊर्जा दिन सक्छ", उहाँले भन्नुभयो।

चक्रवात आएको समयमा श्रीलङ्का सन् २०२२ मा भोगेको गम्भीर आर्थिक सङ्कटबाट क्रमशः बाहिर निस्कँदै थियो। खाद्यान्न, इन्धन र औषधि जस्ता अत्यावश्यक वस्तु आयात गर्न विदेशी मुद्रा भण्डार अत्यधिक खपत भएपछि देश गहिरो सङ्कटमा परेको थियो। सन् २०२३ को सुरुमा अन्तर्राष्ट्रिय मुद्रा कोषबाट दुई अर्ब ९० करोड डलरको राहत प्याकेज स्वीकृत भएपछि अर्थतन्त्र केही हदसम्म स्थिर हुँदै आएको छ। भारतको पछिल्लो सहयोगले प्राकृतिक विपद् र आर्थिक चुनौती दुवैसँग जुधिरहेको श्रीलङ्कालाई पुनःस्थापना र दीर्घकालीन पुनर्निर्माणतर्फ अघि बढ्न महत्त्वपूर्ण टेवा पुग्ने अपेक्षा गरिएको छ।

### थाई सेनाद्वारा कम्बोडियाका क्षेत्रमा आक्रमण जारी : रक्षा मन्त्रालय

नोम पेन, ८ पुस (रासस/सिन्ह्वा)।

थाई सैन्य बलले मङ्गलबार सम्म कम्बोडियाका धेरै क्षेत्रहरुमा गोलाबारी र ट्याङ्क-माउन्टेड मेसिन गनहरूको प्रयोग गरी आक्रमण जारी राखेको कम्बोडियाका रक्षा प्रवक्ता ले मङ्गलबार उपसचिव तथा प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले बताउनु भएको छ। थाइल्यान्डसँगको सीमा द्वन्द्व १७ औं दिनमा प्रवेश गरेसँगै कम्बोडियामा मृत्यु हुने नागरिकको सङ्ख्या २१ पुगेको उहाँले बताउनु भएको छ।

"थाई सेनाले कम्बोडियाका नागरिकहरू बस्ने स्थानहरूमा आक्रमण गरेको उल्लेख गर्दै उहाँले आक्रमणमा एक शिशु सहित २१ नागरिकहरूको मृत्यु हुनुका साथै अन्य ८३ जना घाइते भएको पत्रकारहरुसँगको सक्षतकारमा जाउनु भएको छ। कम्बोडिया-थाइल्यान्ड सीमा द्वन्द्व डिसेम्बर-७ देखि पुनः सुरु भएको छ, भने दुवै पक्षले एक-अर्कालाई युद्ध विरामको बावजुत आक्रमण सुरु गरेको आरोप लगाएका छन्। कम्बोडियाको आन्तरिक मन्त्रालयले जारी गरेको पछिल्लो तथ्याङ्क अनुसार द्वन्द्वले अहिले सम्म करिब पाँच लाख ४५ हजार कम्बोडियनलाई सुरक्षित आश्रयका लागि आफ्नो बासस्थान छोडी भाग्न बाध्य पारेको छ।

### भारत स्थित कुटनीतिक निकायको सुरक्षाका विषयमा बङ्गलादेश चिन्तित

ढाका, ८ पुस (रासस/एएनआई)।

बङ्गलादेशले भारतमा आफ्ना कूटनीतिक निकायहरूमा भएको आक्रमण प्रति गम्भीर चिन्ता व्यक्त गर्दै नयाँ दिल्ली र सिलिगुडीमा भएका घटनाहरूको विरोध गर्न भारतीय उच्चायुक्तलाई बोलाउँदै बङ्गलादेशको विदेश मन्त्रालयले मङ्गलबार विज्ञप्ति जारी गरेको छ। कूटनीतिक प्रतिष्ठानहरू विरुद्ध पूर्वनियोजित हिंसा र धम्कीपूर्ण कार्यहरूको निन्दा गर्दै यसले कूटनीतिक कर्मचारीहरूको सुरक्षालाई मात्र खतरामा नपारी आपसी सम्मानको सिद्धान्त र शान्ति र सहिष्णुतालाई समेत कमजोर पार्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

बङ्गलादेशको विदेश मन्त्रालयले कूटनीतिक कर्मचारी र प्रतिष्ठानहरूलाई खतरा रहेको भन्दै भारतलाई उनीहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ। "बङ्गलादेश सरकारले भारत सरकारलाई घटनाहरूको अनुसन्धान गरी पुनरावृत्ति रोक्न र भारतमा बङ्गलादेशको कूटनीतिक निकायको सुरक्षा सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्न आह्वान गरेको छ" विज्ञप्तिमा जनाइएको छ। सुरक्षा चिन्तालाई उद्धृत गर्दै बङ्गलादेशले दिल्ली र सिलिगुडीमा भिसा सञ्चालन स्थगित गरेको विदेश मन्त्रालयका एक अधिकारीलाई उद्धृत गर्दै एएनआईले जनाएको छ।

# पाँच महिनामा साढे ६ खर्ब व्यापार घाटा

काठमाडौँ, ८ पुस (रासस)।
चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्म मुलुकले कूल रू आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजारको वैदेशिक व्यापार गर्दा रू छ खर्ब ४९ अर्ब ६८ करोड घाटा व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा रू सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाखको आयात र रू एक खर्ब १६ अर्ब ५० करोडको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ।

भारतसँग मात्र पाँच महिनामा रू तीन खर्ब ३९ अर्ब दुई करोडभन्दा बढी व्यापार घाटा देखिएको छ। यो अवधिमा भारतबाट रू चार खर्ब ३४ अर्ब छ करोड ४२ लाखको वस्तु आयात हुँदा रू ९५ अर्ब चार करोड २० लाख बराबरको मात्रै निर्यात भएको छ। अर्को छिमेकी मुलुक चीनसँग रू एक खर्ब ६३ अर्ब ७३ करोड ४८ लाखको आयात र रू ४६ करोड ६८ लाख बराबरको मात्र निर्यात हुँदा नेपालले रू एक खर्ब ६३ अर्ब २६ करोड ८० लाखको घाटा व्यहोरेको छ।

नेपालले व्यापार नाफा गरेका मुलुकहरुमा भने रोमानिया पहिलो स्थानमा देखिएको छ। पछिल्लो पाँच महिनामा रोमानियासँग नेपालको कूल वैदेशिक व्यापार नाफा रू छ करोड ३४ लाख ६९ हजार बराबर छ। त्यस्तै स्वीडेन, इराकलगायतका मुलुकसँग नेपालको व्यापार नाफा छ।

यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ। विभागका अनुसार पछिल्लो पाँच महिनामा रू ४५ अर्ब ६० करोड ६२ लाख ११ हजार बराबरको डिजेल, रू २७ अर्ब ३३ करोड दुई लाख १४ लाख बराबरको पेट्रोल र रू २२ अर्ब ३९ करोड ४६ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ। रू १९ अर्ब १३ करोड ६९ लाखको स्मार्टफोन, रू ४६ अर्ब ९७ करोडको कच्चा सोयाबिन तेल, रू २१ अर्ब ८४ करोड ६३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ।

नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाबिन तेल पहिलो स्थानमा देखिएको छ। यो अवधिमा रू ४६ अर्ब ५५ करोड ८६ लाख ६६ हजार बराबरको सोयाबिन तेल निर्यात भएको छ। त्यस्तै रू पाँच अर्ब ५३ करोड ३२ लाख बराबरको ठूलो अलैँची, रू चार अर्ब १३ करोड ३४ लाख बराबरको कार्पेट र रू तीन अर्ब ७३ करोड बराबरको सूर्यमुखी तेल निर्यात भएको छ।

# असी दलित बस्तीमा निःशुल्क टयुसन कक्षा सञ्चालन गर्दै लहान नगरपालिका

सिरहा, ८ पुस (रासस)।
लहान नगरपालिकाअन्तर्गत रहेका दलित तथा मुसहर बस्तीमा निःशुल्क टयुसन कक्षा सञ्चालन गरिने भएको छ। नगरपालिकाको शिक्षा शाखाले दलित बस्तीमा टयुसन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ तयार गरी कार्यक्रम अगाडि बढाएको हो।

कार्यविधिअनुसार टयुसन कक्षा सञ्चालनका लागि शिक्षक पदमा दरखास्त आह्वान गरिएकामा माग गरिएको ३५ पदका लागि करिब १५० जनाको आवेदन परेको शिक्षा शाखा अधिकृत अमिरी यादवले जानकारी दिनुभयो। “मागभन्दा धेरै दरखास्त परेपछि निष्पक्ष छनोटका लागि लिखित परीक्षा लिने निर्णय गरेका छौँ। पुस २५ गते लिखित परीक्षा आयोजना गरी शिक्षक छनोट गरिनेछ”, शिक्षा उहाँले भन्नुभयो। उहाँका अनुसार शिक्षक छनोट गर्दा स्थानीय तथा सम्बन्धित समुदायका व्यक्तिलाई प्राथमिकता दिइनेछ। छनोट भएका शिक्षकलाई मासिक रु १० हजार पारिश्रमिक उपलब्ध गराइनेछ।

लहान नगरपालिकाका २४ वटै वडामा करिब ८० टोल दलित तथा मुसहर बस्ती रहेको र ती बस्तीमै टयुसन कक्षा सञ्चालन गरिने यादवले जानकारी दिनुभयो। “टयुसन कक्षा बिहान वा बेलुका दैनिक दुई घण्टा सञ्चालन हुनेछ”, उहाँले थप्नुभयो।

नगरपालिकाले गरेको सर्भेअनुसार ८० टोल दलित तथा मुसहर बस्तीमा करिब एक हजार २०० जना दलित बालबालिका छन्। आगामी माघको पहिलो हप्ताबाट टयुसन कक्षा सञ्चालन गर्ने तयारी गरिएको र कक्षा सञ्चालनपछि अनुगमनका लागि एक जना अनुगमनकर्ता पनि खटाइने शिक्षा शाखाले जनाएको छ।

नगरप्रमुख महेशप्रसाद चौधरीका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ का लागि निःशुल्क टयुसन कक्षा सञ्चालन गर्न रु ३० लाख बजेट विनियोजन गरिएको छ। “दलित तथा मुसहर बालबालिका विद्यालयमा नियमितता नहुने समस्या देखिएको छ। टयुसन कक्षाले उनीहरूलाई पढाइमा निरन्तरता दिन सहयोग गर्ने विश्वास लिएका छौँ”, नगरप्रमुख चौधरीले भन्नुभयो। नगरपालिकाले यो कार्यक्रममार्फत शिक्षाबाट पछि परेका समुदायका बालबालिकाको शैक्षिकस्तर उकास्ने लक्ष्य लिएको जनाएको छ।

# प्रभावकारी बन्दै दिगो वन व्यवस्थापन कार्यक्रम

चन्द्रपुर (रौतहट), ८ पुस (रासस)।
रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ। मङ्गलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर-४ र ६ ले वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो।

सो अन्तरक्रियामा चन्द्रपुर सब डिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमूना सामुदायिक वनको रूपमा स्थापित भएको बताउनुभयो। सो सामुदायिक वनको कूल क्षेत्रफलको २८२ हेक्टरमध्ये २७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उहाँले जानकारी दिनुभयो। आठ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको उक्त सामुदायिक वनमा बालीचक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिनुभयो।

एक खण्डमा करिब साढे ३४ हेक्टर जङ्गल रहेको र एक खण्डलाइ १० वटा भागमा विभाजन गरी दिगो बन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ। चालु आर्थिक वर्षमा मात्रै साढे तीन हेक्टर वन क्षेत्रमा एक हजार ६९७ रुखमध्ये २७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी एक हजार ३२५ वटा रुख पुनःउत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा तीन वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको जानकारी दिनुभयो। तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागु भएको उहाँको भनाइ छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमान्दारिताका साथ काम गरे फाइदै फाइदा हुने बताउनुभयो। हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमूनाको रूपमा परिचित हुँदै गएको उल्लेख गर्नुभयो।

# वृद्धि गरिएको स्वास्थ्य परीक्षण शुल्क खारेज

काठमाडौँ, ८ पुस (रासस)।
वैदेशिक रोजगारमा जाने कामदारहरुको स्वास्थ्य परीक्षणबापत वृद्धि गरिएको शुल्क सरकारले खारेज गरेको छ। सो खारेजी पश्चात साविककै दरमा शुल्क कायम गरिएपछि वैदेशिक रोजगार व्यवसायीले सरकारको निर्णय स्वागतयोग्य भएको बताएका छन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गत कात्तिक ३० गते शुल्क वृद्धि गरी नौ हजार पाँच सय पुऱ्याएको थियो। त्यस अघि छ हजार पाँच सय मात्र शुल्क थियो। सो निर्णय विरुद्ध व्यवसायीहरुले विरोध जनाएका थिए। श्रम मन्त्री राजेन्द्रसिंह भण्डारीले सो शुल्क खारेज गरिएको बताउनुभयो।

मन्त्रालयले ३४ वटा स्वास्थ्य परीक्षण आवश्यक भएको जनाउँदै शुल्क वृद्धि गरेकोमा सो आवश्यक नरहेको वैदेशिक रोजगार व्यवसायी सङ्घका अध्यक्ष भुवनसिंह गुरुङले बताउनुभयो। “सरकारले अनावश्यक श्रमिकको खर्च बढाउने काम गरेको थियो”, उहाँले भन्नुभयो, “अहिले सो शुल्क खारेज गरी श्रमिकको हितमा निर्णय गर्नु प्रशंसनीय छ।”

# एभरेष्ट चिनी उद्योगमा उखु क्रसिङ सुरु

महोत्तरी, ८ पुस (रासस)।
गौशाला-१ रामनगरस्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले उखु क्रसिङ (उखु पेल्न) थालेको छ। उद्योगले सोमबार यस वर्षको चिनी उत्पादनका लागि क्रसिङ थालेको हो। गत वर्ष उद्योगले मङ्सिर २६ गते नै क्रसिङ थालेको थियो।

गत वर्षभन्दा दुई साता ढिलो उद्योग सञ्चालन गरिए पनि उद्योगलाई भने उखु पर्याप्त पुगेको छैन। किसानले उखु काटेर पुऱ्याउन नसक्दा उद्योगलाई उखु अपुग भएको हो।

“हामीले क्रसिङ खोल्यौँ, तर क्षमताअनुसार उखु निकै कम आएको छ”, उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्ला भन्नुहुन्छ, “यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपरेको छ।” दैनिक ५५ हजार क्विन्टल उखु क्रसिङ गर्ने क्षमता छ, तर उद्योगमा पहिलो दिन आएको उखु १५ हजार क्विन्टल नाघेन”, उहाँ भन्नुहुन्छ, “यसले गर्दा रोकीरोकी क्रसिङ गर्नुपर्ने अवस्था छ।” उद्योगलाई कम्तीमा पनि घानमै ३० हजार क्विन्टल उखु चाहिने उहाँको भनाइ छ।

किसानले अहिलेको मौसमको प्रतिकूलताले उखु कटानमा समस्या भएको बताएका छन्। “उखु काटेर चाँडै उद्योगमा पुऱ्याउन हामीलाई पनि हतारो छ, तर निकै जाडो बढेको हुँदा जनशक्ति पाइएको छैन”, भङ्गाहा-४ का उखु किसान अरुण गिरी भन्नुहुन्छ, “अब एकदुई दिनमै कटानले गति समात्ला।”

सरकारले यसपालि गत मङ्सिर २२ गते उखुको मूल्य निर्धारण गरेको थियो। यस वर्षका लागि उद्योगले प्रतिक्विन्टल रु ६२० र सरकारले अनुदानबापत ७० रुपैयाँ दिने तोकेको छ। यो गत वर्षभन्दा रु ७० बढी हो। गत वर्ष उखुको मूल्य ५८५ र अनुदान ३५ रुपैयाँसहित किसानले प्रतिक्विन्टल ६२० रुपैयाँ पाएका थिए। यसपालिलाई उखुको मूल्य र अनुदानसहित ७५० पाउनुपर्ने माग राख्दै आएका किसानले थोरै भए पनि भाउ बढ्दा सन्तोष देखाएका छन्।

जिल्लामा यसपालि नौ हजार ६०० बिघामा उखुखेती गरिएको छ। यसमध्ये पाँच हजार बिघाको खुट्टी (दोस्रो वर्षको बाली) र चार हजार ६०० बिघाको मुडन (पहिलो वर्षको बाली) रहेको उखु उत्पादक कृषक सङ्घका जिल्ला अध्यक्ष नरेशसिंह कुशवाहाको भनाइ छ।

# हिमाली भेगका सांस्कृतिक सम्पदा प्रवर्द्धन गर्न सम्मेलन

काठमाडौँ, ८ पुस (रासस)।
हिमाली भेगका अमूर्त सांस्कृतिक सम्पदासँग सम्बन्धित सिर्जनात्मक उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले राजधानीमा विशेष सम्मेलन आयोजना गरिएको छ। अरनिको समाजको आयोजना भएको सो सम्मेलनमा नेपालको हिमाली क्षेत्र तथा मित्रराष्ट्र चीनको सिजाङ प्रान्तको अमूर्त सांस्कृतिक सम्पदाको प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउने बारेमा विचारविमर्श गरिएको थियो।

सम्मेलनका क्रममा पूर्वमन्त्री एवं नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले यसखालका कार्यक्रमले नेपाल र चीनबीच सांस्कृतिक तथा जनस्तरको सम्बन्धलाई अझ मजबुत बनाउने विश्वास व्यक्त गर्नुभयो। नेपाल हस्तकला महासङ्घका अध्यक्ष रवीन्द्र शाक्यले नेपालमा उत्पादित हस्तकलाका उत्पादनको विश्वव्यापीकरणमा महासङ्घ क्रियाशील रहेको बताउनुभयो।

अरनिको समाजका अध्यक्ष सुशील प्रजापतिले सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले सम्मेलन आयोजना गरिएको जानकारी दिनुभयो। कार्यक्रममा हिमाली भेगका अमूर्त सम्पदाको परिचय, प्रकार र विशेषतालगायत बारेमा जानकारी गराइएको थियो।

# पेट्रोल छर्केर आगो लगाइ हत्या गरेको अभियोगमा पक्राउ

सिन्धुली, ८ पुस (रासस)।
पेट्रोल छर्केर आगो लगाइ बुहारीको हत्या गरेको अभियोगमा सासु र नन्द पक्राउ परेका छन्।

जिल्ला प्रहरी कार्यालयले मंगलबार एक विज्ञप्ति जारी गरी कमलामाई नगरपालिका-४ धुरापाँटकी ३२ वर्षीया सुशीला बम्जनको हत्या गरेको अभियोगमा ५९ वर्षीया सासु मायारानी बम्जन र ३५ वर्षीया नन्द मीना लामालाई पक्राउ गरिएको हो।

अभियुक्तद्वयले गत आइतबार बुहारी सुशीलाको शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए। मृतकका श्रीमान् विगत दुई वर्षदेखि वैदेशि रोजगारीमा हुनुहुन्छ। घटनास्थलबाट जलेको शव प्रहरीले बरामद गरेको छ भने मृतकका ससुरा दुर्गामान घाइते हुनुभएको छ। उहाँलाई उपचारार्थ काठमाडौँ पठाइएको छ। अभियुक्तलाई जिल्ला अदालतबाट म्याद लिएर थुनामा राखिएको छ।

घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कडा कारवाहीको माग गर्दै स्थानीयले जिल्ला प्रहरी कार्यालय घेराउ गरेका छन्।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*